# मेलौली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# मेलौली, बैतडी
# ७ नं. प्रदेश, नेपाल

## मेलौली नगरपालिका
## आर्थिक सहायता कार्यविधि, २०७५

# आर्थिक सहायता कार्यविधि, २०७५

२०७५ सालको नियम नं. ५

**स्वीकृत मिति २०७५।०३।०४**

**प्रस्तावनाः** मेलौली नगरपालिकाबाट प्रदान गरिने आर्थिक सहायतालाई छिटो, छरितो, मितब्ययी, पारदर्शी एवं प्रभावकारी रुपमा प्रवाह गर्न र सहायत प्राप्त गर्नेहरुलाई अनुशासित, जबाफदेही, उत्तरदायी बनाई परिणाम हासिल गर्न, मेलौली नगरपालिकाको कोषको सही सदुपयोग गर्न र गराउन, सामाजिक सुरक्षा र संरक्षण प्राप्त गर्ने नागरिकहरुको मौलिक हकको प्रत्याभूत गर्न स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ७ ले दिएको अधिकार प्रयोग गरी मेलौली नगर कार्यपालिकाले यो कार्यविधि बनाइ जारी गरेको छ ।

## १.आर्थिक सहायता प्रदान गर्न सकिने

तपशिलको अवस्थाका व्यक्ति वा निजका अभिभावक वा संरक्षकलाइ यसै कार्यविधि बमोजिम तोकिएको प्रक्रिया पूरा गरी तोकिएको वडा समितिको सिफारिसमा कार्यपालिकाले नगदै वा जिन्सी सहायता गर्न सक्नेछ ।

क) विरामी,

ख) अशक्त-अपाङ्ग,

ग) परिवारबाट विस्थापित सहाराविहीन वृद्ध, वृद्धा,

घ) अति विपन्न व्यक्तिहरु

ङ) प्राकृतिक विपत्ति तथा विपद्मा परेका घरबार विहिन व्यक्तिहरु

आर्थिक अवस्था कमजोर भएकाहरुकालागि आर्थिक सहयोग सम्बन्धमा, पारिवारिक आर्थिक अवस्था, विरामिको रोगको प्रकृति आदि विविध अवस्थालाई ध्यानमा राखी तपशिलको अवस्था र प्रकृतिलाई तपशिल अनुसार आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

**क) वर्गका आधारहरुः**

१-क्यान्सर, मुटु रोग, प्यारालाईसिस जस्ता रोगहरुको गम्भिर चरम अवस्था

२-अत्यन्त दयनिय आर्थिक अवस्था

३-उपचार गर्न नसकेको अवस्था

४-रकमको अधिकतम उपादेयिता

५-सहयोग नगरि नहुने अवस्था

६-पारिवारिक जिम्मेवारि

७-विरामिको अत्यन्तै दयनिय अवस्था

उपरोक्त आधार भएका विरामिहरुलाई रकम रु १५०००/- पन्ध्रहजार आर्थिक सहयोग दिने ।

**ख) वर्गका आधारहरु**

१- क्यान्सर, मुटु रोग, प्यारालाईसिस कडा मृगौला रोगको चरम अवस्था

२-दयनिय आर्थिक अवस्था

३- सहयोग गर्नै पर्ने अवस्था

४-रकमको उपदेयिता

उपरोक्त आधार भएका विरामिहरुलाई रकम रु १००००/- दशहजार आर्थिक सहयोग दिने ।

**ग) वर्गका आधारहरु**

१- कडा रोग लागेर उपचार गर्न नसकेको अवस्था

२- दयनिय आर्थिक अवस्था

३- विरामिको चरम अवस्था

उपरोक्त आधार भएका विरामिहरुलाई रकम रु ५०००/- पाँचहजार आर्थिक सहयोग दिने ।

**घ) वर्गका आधारहरुः**

१- कडा रोग लागेर उपचार हुन नसकेको

२-आर्थिक अभाव भएको अवस्था

३-उपचारका लागि आर्थिक सहयोग नगरि नहुने

उपरोक्त आधार भएका विरामिहरुलाई रकम रु ३०००/- तीनहजार आर्थिक सहयोग दिने ।

## २. आर्थिक सहायता प्रदान गर्ने तरिकाः

२.१मेलौली नगरपालिकाले आर्थिक सहयोग उपलब्ध गराउँदा निम्न प्रक्रिया अवलम्वन गर्नेछ ।

क) सम्वन्धित व्यक्ति वा नीजको अभिभावक वा नीजको संरक्षकको निवेदन ।

ख) अपाङ्गको हकमा सम्वन्धित निकायबाट जारी अपाङ्ग परिचय पत्र ।

ग) वडा कार्यालयको सिफारिस ।

घ) मेलौली नगर कार्यपालिकाको निर्णय ।

ग) प्राकृतिक विपत्ति तथा विपद्मा परेकाको हकमा प्रहरी सर्जमिन मुचुल्का र मेलौली नगर कार्यपालिकाको निर्णय ।

घ) अशक्त, सहाराविहीन वृद्ध, वृद्धा, अति विपन्न व्यक्तिहरुको हकमा वडा कार्यालयको विपन्न सिफारिस ।

ङ) विरामीको हकमा निवेदन साथ सम्वन्धित अस्पताल, नर्सिङ होम वा स्वास्थ्य क्लिनिक वा जाँच गर्ने डाक्टरले जाँच गरेको प्रमाणको प्रतिलिपी । सम्वन्धित डाक्टरले उपचारको लागि लेखी दिएको औषधीहरुका विवरण र सो खरिदको लागि अनुमानित लाग्ने खर्चको विवरण सहित मेलौली नगर कार्यपालिकाकोनिर्णय । माथि जुनसुकै कुरा लेखिएको भएतापनि कडा रोग लागि अपरेशन गर्नुपर्ने, कुनै अङ्ग फेर्नुपर्ने वा उपचारका लागि धेरै खर्च लाग्ने भएमा सो को मेडिकल वोर्डको सिफारिस समेत पेश गर्नु पर्नेछ । मेडिकल वोर्डको सिफारिस सहित सहयोग माग भएको हकमा बमोजिम मेलौली नगरपालिकाको कार्यपालिका वैठकमा पेश गरी निर्णय भए वमोजिम बढीमा रु. श्रेणी अनुसारको सहयोग उपलब्ध गराउन सकिनेछ ।

२.२ उपरोक्त बमोजिम सहयोगका लागि आउने निवेदन दर्ता गर्दा नगरपालिकाले निवेदकको वस्थाको गाम्भिर्यता प्रति विश्वस्त हुन आवश्यकता अनुसार सम्वन्धित वडा कार्यालयको सिफारिस समेत माग गर्न सक्नेछ ।

## ३. स्विकृत आर्थिक सहयोगको भुक्तानी

दफा १ र २ बमोजिम आर्थिक सहयोग उपलब्ध गराउने निर्णय भएमा प्रमुख प्रशासकीय अधिकृतले नगर सभाबाट विनियोजित मिल्दो शीर्षकको बजेटबाट निवेदकलाई निर्णयानुसारको आर्थिक सहयोग उपलब्ध गराउने व्यवस्था गर्नेछ ।

## ४. एक ब्यक्तिलाइ एक पटक मात्र सहयोग उपलब्ध गराउन सकिने

माथि जुनसुकै कुरा लेखिएको भएतापनि दफा २ को उपदफा 'ग' बमोजिमको सहयोग बाहेकको हकमा एक व्यक्तिलाइ एक आर्थिक वर्षमा एकपटक भन्दा बढी एकै शीर्षकमा आर्थिक सहयोग उपलब्ध गराइने छैन ।

## ५. बिबिध

**५.१ बाझिएमा:** यो कार्यविधिमा उल्लेख भएका प्रावधान र प्रकियाहरु स्थानीय सरकार संचालन ऐन, २०७४ र अन्य प्रचलित कानुन संग बाझिएमा बाझिएको हद सम्म अमान्य हुने छ ।

**५.२ कारबाही:** यस कार्यविधि विपरित आर्थिक सहयोग वितरण गरिएमा, त्यस्तो निर्णय वा आदेश दिने, आदेश दिन वा निर्णय गर्न सिफारीस तथा सहयोग गर्ने कर्मचारी तथा पदाधिकारी बाट असुल उपर गरिने छ ।

**५.३ यसै कार्यविधि बमोजिम भए गरेको मानिने:** यस अघि यस नगरपालिकाबाट भएका वा दिइएका आर्थीक सहयोग वा सहायता यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

**आज्ञाले**
लोकेन्द्र सिंह नेगी
प्रमुख प्रशासकीय अधिकृत